CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #६३

०५।६।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोभिड - १९ को सन्दर्भमा रोग प्रतिरोधात्मक क्षमता बढाउन यि पोषक तत्वहरु खानुहोस्

### भिटामिन ए

मासु, कलेजो, अण्डाको पहेलो भाग, माछा, घ्यु, दुध, पाकेको मेवा, सुन्तला रंगाको सखरखण्ड, गाँजर, हरिया सागपात तथा पहेला फलफूलहरु



### भिटामिन सि

अमिला फलफूल जस्तैः कागती, सुन्तला, मौसम आदि तथा पाकल जस्ता हरिया सागपातहरु



### भिटामिन इ

काजु, बदाम, ओखर, घ्यु, एभोकाडो, आलस जस्ता तैलिय दानाहरु, माछा, हरिया सागसब्जीहरु



### जिङ्क


गेडागुडी, बोक्रा सहितका अन्नहरु, काजु, बदाम, ओखर, दुधका परिकारहरु, रातो मासु



*छुट्टा छुट्टै उमेर समुह र अन्य बिरामी सहित कोभिड - १९ संक्रमित बिरामीले खाने पौष्टिक आहारको विस्तृत मेनु तलको लिंकमा दिईएको छ ।*

स्रोतः https://www.facebook.com/457161001021145/videos/1032488617173276

## नेपाल अपडेट



मेडिकलजन्य सामग्रीका थोक र खुद्रा बिक्रेताहरुले स्वास्थ्यसामग्रीमा अस्वभाबिक मुल्यबृद्धि गरेपछि बुटवल उप-महानगरपालिकाका उप-प्रमुख गुमादेबी आचार्यको नेतृत्वमा अनुगमन गरिदै

तस्बिरः भवानी प्रसाद पाण्डे


### परिक्षण

पिसिआर परिक्षणः ९,२३,८२३

पोजेटिभः ६५,२७६

उपचाररतः १७,६११

मृत्यु : ४२७




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



घर तथा होटेल आईसोलेशनमा बसेका बिरामीले मापदण्ड पुरा गर्दैनन् भन्ने गुनासो छ । यसको निगरानी कसले गरिरहेको छ ?

लक्षण नदेखिएका वा सामान्य लक्षण भएका संक्रमित घर वा होटेल आईसोलेशनमा बस्ने प्रयोजनका लागि सम्बन्धित संक्रमित र तोकिएको स्वास्थ्यकर्मीले संयुक्त मञ्जुरीनामा गर्नुपर्दछ । संक्रमितले आईसोलेशनमा बस्दा मापदण्ड पालना गर्नुका साथै तोकिएको स्वास्थ्यकर्मीलाई प्रत्येक दिन आफ्नो स्वास्थ्य अवस्थाको जानकारी उपलब्ध गराउने छु भनेर फारम भर्नु पर्दछ । त्यसको कार्यान्वयन भए/नभएको सुनिश्चित गर्ने जिम्मेवारी मञ्जुरीनामामा हस्ताक्षर गर्ने स्वास्थ्यकर्मीको हुन्छ ।


स्रोत: https://drive.google.com/file/d/1L6YkCZTFcaFgbDmHlM-hr4lkxlB4nQbu/view



बहराईन स्थीत नेपाली दुतावासले बहराइन फर्किने नेपालीले आवश्यक कागजात पठाउनु भनेको छ रे । के कागजात र कसरी पठाउने हो ?

बिदामा नेपाल आएका तर कोरोनाका कारण रोकिएका नेपालीले बहराईन आउन पाउँ भनी दुतावासले उपलब्ध गराएको फारममा विवरण भरी पठएका थिए । यसरी अन्य विवरण बुझाएका तर राहदानी नम्बर तथा CPR नम्बर उपलब्ध नगराएको सूचिमा नाम भएका नेपालीले सो सूचिमा उल्लेख भएको क्रम संख्या, पुरा नाम सहित राहदानी नम्बर दुतावासको ह्वाट्स एप नं. ३२०९५०४१ वा ३५४२७७१७ मा उलब्ध गराउन बहराईन स्थीत नेपाली दुतावासले अनुरोध गरेको छ । यसरी बहराइन फर्कन चाहने २१५ जना नेपालीको नामावली पनि दुतावासले सार्वजनिक गरेको छ ।

स्रोत: https://bh.nepalembassy.gov.np/notice-of-chartered-flight-to-nepal-3/



रुपन्देहीमा हाल कन्ट्याक्ट ट्रेसिङ ढिलो हुने र रिपोर्टको लागि पनि एकसाता सम्म कुर्नुपर्ने अवस्था छ । किन होला ?

साविक लुम्बिनी अञ्चलका ६ जिल्लाका स्वाव प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भैरहवा पुग्ने गरेकाछन् । समुदायमा संक्रमण दर बढेकोले हाल १२ सय स्वाव पेन्डिङमा छन् । यसले गर्दा पनि परीक्षणको नतिजा आउन ढिलाई भएको हो । अहिले दैनिक २ सय देखि ३ सय सम्म परीक्षणको नतिजा आइरहेको छ । अटोमेटिक मेसिन नहुनु, परीक्षण किटको अभाव हुनु, निजी र अन्य स्थानमा परीक्षण भइरहेको स्वाव डाइभर्ट हुनु, पोजेटिभ देखिने दर बढ्नु र असम्बन्धित व्यक्तिको स्वाव संकलन हुनुले पनि नतिजा आउन ढिलाई भईरहेको हो ।

स्रोत: डाक्टर राजेन› गिरी, प्रमुख, प्रदेश जनस्वास्थ्य प्रयोगशाला भैरहवा



कक्षा १२ को परीक्षा अनलाईनबाट हुन्छ भनिन्छ तर, सम्बन्धित विद्यालयले त केही सूचना जारी गरेका छैनन् नी ?

केही सञ्चार माध्यमले कक्षा १२ को परीक्षा अनलाईन माध्यमबाट हुने भन्ने शिर्षकमा समाचार बाहीर ल्याए पनि, आधिकारिक सँस्था राष्ट्रिय परीक्ष बोर्डले परीक्षा सञ्चालनको लागि हालसम्म कुनै निर्णय गरेको छैन । यसरी भ्रमपूर्ण समाचार संप्रेषण नगारिदिन भन्दै बोर्डले सूचना जारी गर्दै सम्बन्धित सबैलाई अनुरोध गरेको छ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/J457xzYLVc200917090521.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट


**३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,२९,७५४ संक्रमित | ९९,४३४ संक्रमित | ६५,०३९ संक्रमित | १,२३,३७६ संक्रमित | ८५,५९५ संक्रमित | ९३,४७५ संक्रमित | १०,२७९ संक्रमित | २३,०४५ संक्रमित |
| १८७५ नेपाली संक्रमित | १६५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २२,५०० नेपाली संक्रमित | २४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २ नेपाली संक्रमित |
| ११ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## नेपालबाट साउदी अरब फर्किनको लागि यो प्रकृया पुरा गर्नुहोस्

१. तपाईको साउदी अरबको भिषाको म्याद गुज्रेको हुनुहुँदैन । आफ्नो भिषाको म्याद बाँकी छ कि छैन भनेर चेक गर्नको लागि https://muqeem.sa/#/visa-validity/check मा गएर अकामा नंम्बर या भिषा नम्बर राखेर हेर्नुहोस् ।

२. यदी श्रम छैन भने श्रम गर्नुहोस् । अहिले श्रम गर्नको लागि अरु डकुमेन्टसँगै कम्पनीको NOC पनि चाहिन्छ ।

३. हवाई टिकट प्रदायक (हिमालय या नेपाल एयरलाईन्स्) सँग कुरा गर्नुहोस् । तपाई जानुपर्ने साउदीको शहरमा कहिलेको लागि टिकट छ, त्यो बुझेर टिकट बुक गर्नुहोस् ।

४. त्यसपछी PCR परीक्षणको लागि जान सक्नुहुन्छ । साउदी अरब फर्किनको लागि ४८ घण्टा नकटेको PCR को Negative Report चाहिन्छ ।

५. सबै नियमको पालना गर्दै अब तपाई स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पालना गर्दै साउदी अरब प्रस्थान गर्न सक्नुहुन्छ

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००


## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## पनौती नगरपालिका काभ्रेले कोभिड - १९ सम्बन्धी गरेको खर्च




पनौती नगरपालिकाले कोभिड - १९ सम्बन्धी जम्मा ९१ लाख रुपैयाँ खर्च गरेको छ । उसले सबै भन्दा धेरै खर्च मानव स्रोत साधन परिचालनमा गरेको छ । नगरपालिकाले गरेको जम्मा खर्चलाई हेर्ने हो भने, यो रकम धेरै हो । तर, अन्य खर्चहरु भने तार्किक छन् । कुल खर्च मध्ये धरै खर्च राहत वितरण र पिपिइ खरिदमा भएको छ । जुन, कारोना रोकथाम तथा नियन्त्रणमा भएको राम्रो प्रयास हो भन्न सकिन्छ । नगरपालिकाले सार्वजनिक गरेको खर्चमा प्रश्न उठाउने ठाउँ देखिदैन । यसरी हेर्दा पनौती नगरपालिकाले पारदर्शिताको राम्रो उदाहरण प्रस्तुत गरेको छ र यो अभ्यासले नागरिकको विश्वास पनि जित्ने छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृष्ठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# कोरोनाका कारण वर्षौंको वैदेशिक रोजगारीको कमाई बैंकको ऋण तिर्दै ठिक्क



अर्घाखाँचीको छत्रदेब गाउँपालिका – ७ का ३८ वर्षिय गणेश प्रसाद पाण्डे १२ कक्षा पढ्दा पढ्दै मलेसिया पुगे । घरको आर्थिक अवस्था कमजोर रहेका कारण, तिन भाई र एक बहिनी मध्ये जेठा पाण्डेले तिन वर्ष मलेसियाको कमाईले पहाडमा घर बनाए । साथीले, मलेसियामा भन्दा नेपालमै बढी कमाई हुन्छ, म सहयोग गर्दछु भनेपछि मलेसियाको भिषा रद्द गरेर उनी नेपाल फर्किए ।

नेपाल आएपछी साथीले वास्ता नै नगरेकाले, फेरी विदेशीने सोच बनाए । त्यसपछी पाण्डे नेपालको एक मेनप(ावर कम्पनी मार्फत कतार पुगे । दैनिक ८ घण्टा काम । मासिक ७ सय रियाल पारिश्रमीक । ओभर टाइम गर्न पनि पाइने । अफिस बोयको रुपमा काम गर्ने भन्दै कतारको मनास्लु कम्पनी पुगेका पाण्डेले त्यहाँ पुगेपछि भने, भनिएको जस्तो काम पाएनन् । १० घण्टा काम गर्नु पर्ने र खानाका लागि आफैले खर्च गर्नुपर्ने गरि ७ सय रियाल पाउने भनियो ।

खानाकै मासिक २२५ रियाल तिर्नुपर्दथ्यो । तरपनि, उनले हिम्मत हारेनन् । गाडी चलाउन सिकेर लाइसेन्स निकाले । बिगत १२ वर्षदेखि त्यहाँ कार्यरत पाण्डेले अहिले ३ हजार रियाल अर्थात मासिक नेपाली करिब १ लाख रुपैयाँ कमाउनु हुन्थ्यो । मनास्लु कम्पनीको इलेक्ट्रोनिक्स् डिपार्टमा सेल्समेनको रुपमा कार्यरत पाण्डे २०७७ फागुनको १८ गते ३५ दिनको छुट्टीमा नेपाल आए ।




नेपाल आएपछि कोरोना महामारीको जोखिमका कारण सरकारले चैत्र ११ देखि लकडाउन गर्‍यो । जसका कारण अप्रिल ५ मा फर्किनुपर्ने टिकट लिएका उनी फर्कन पाएनन् । यसै बिच बैंकबाट ऋण लिएर रुपन्देहीको तिलोत्तमा – ९ मा घर बनाएका पाण्डेको परिवारलाई मासिक कमाईको अभावमा किस्ता तिर्न समस्या पर्न थाल्यो ।

लकडाउनले नेपालमै बस्नु पर्ने अवस्था, मासिक कमाई नभएको र भएको पैसा पनि घरायसीकार्यमा सकिएकाले दुई छोरा, श्रीमती र बाबु आमा सहित बसेको ६ जनाको परिवारमा आर्थिक समस्या देखिन थाल्यो । श्रीमतीले सञ्चालन गरेको फेन्सी पसल पनि लकडाउनका कारण बन्द थियो । घर चलाउन नै समस्या भइरहेको बेला बैंकबाट किस्ताका लागि आउने तारन्तारको फोनका कारण तनाव व्यहोरेको पाण्डे परिवारले ऋण नै अर्को बैङकमा सार्नको लागि प्रस्ताव गरेकाछन् ।

कोरोनाको जोखिम कसरी बढ्दै जाने हो ? लकडाउन कति लम्बिने हो ? अवस्था के हुने हो ? घर बनाउन लिएको ऋणको किस्ता तिर्न नसके के गर्ने होला ? यदि फेरी कतार जान नपाए र ऋण पनि तिर्न नसके के गर्ने होला ? भन्ने सोचाई पटक पटक आउन थालेपछि किस्ता तिरेर टाउको हलुङगो बनाउन उनी घर नै बेच्ने निर्णयमा पुगेकाछन् ।

# छुट्टा छुट्टै प्रदेशमा भएको PCR परीक्षणको संख्या

## छुट्टा छुट्टै प्रदेशले गरेको जम्मा PCR परीक्षणको संख्या




माथीको चार्टले नेपालमा सबै भन्दा धेरै PCR परीक्षण बागमती प्रदेशमा भएको छ । सुरुमा सबै ठाउँबाट स्वाब संकलन गरेर परीक्षणको लागि काठमाण्डौ ल्याउने गरिएको थियो, तर अहिले परीक्षणको दायरा बढाएर सबै प्रदेशमा पुऱ्याईएको छ । अझै पनि दैनिक कुल परीक्षणको आधा जती परीक्षण बागमती प्रदेशमा हुने गरेको छ । सक्रिय संक्रमितको संख्या हेर्ने हो भने, अन्तिम चार हप्तामा काठमाण्डौ जिल्ला सबै भन्दा माथी छ । बागमती प्रदेशमा सबै भन्दा बढी परीक्षण हुनुको कारण यो पनि हुनसक्छ । यद्यपी, परीक्षणको संख्या हेर्दा भने कोरोना विरुद्धको लडाईमा केही भेदभाव भयो की भन्न सकिन्छ । किन भने प्रदेश २ सबै भन्दा बढी जनघनत्व भएको प्रदेश हो ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219